# Thematic Guidebook
# नागरिक बजेट
# (Citizen Budget)

## के हो बजेट ?

बजेट सरकारको राजनीतिक, आर्थिक नीति तथा कार्यक्रमको समष्टिगत रुप हो । सरकारले तयार पारेको योजना तथा कार्यक्रमहरु सम्पन्न गर्नका लागि गरिने खर्च, सो खर्च धान्ने श्रोतहरुको प्रक्षेपण र आउँदो वर्षको नीतिगत प्राथमिकतालाई समेत बजेटमा प्रतिबिम्बित गरिएको हुन्छ ।

तथापि, बजेट एउटा दस्ताबेज मात्र नभई यो वर्षभर निरन्तर चलिरहने प्रक्रियागत चक्र हो । जसका विभिन्न चरणमा नागरिक र नागरिक समाजका साथै सरोकारवालाहरुले बजेटको स्रोत, बिनियोजन र उपलब्धिका बिषयमा छलफल र बहस चलाउन सक्दछन् । बजेटसँग सम्बन्धित कतिपय जानकारीहरु सर्वसाधारणले बुझ्न कठिन हुने भएकाले पनि उनीहरुलाई बजेटको बारेमा कम जानकारी हुन्छ र यस माथि प्रश्न गर्न पनि सकिरहेका हुदैनन् । त्यसैले बजेटलाई नागरिकमुखी वा नागरिक वजेटको रुपमा प्रस्तुत गर्न आवश्यक छ ।

## नागरिक बजेट

यो सरकारी बजेटको सरल प्रस्तुति हो । जसमा सरकारको नीतिगत उद्देश्य हासिल गर्नका लागि राजश्व परिचालन र सार्वजनिक कोषको खर्च गर्ने सरकारका योजनालाई सर्वसाधारणले बुझ्ने गरी प्रस्तुत गरिएको हुन्छ । यस अन्तर्गत बजेटका महत्वपूर्ण जानकारीहरु र नागरिकका मुल चासोका विषयलाई विशेष रुपमा समेटि सरल भाषा (स्थानिय भाषा) र खाकाका साथै विभिन्न किसिमका सांकेतिक चित्र, कार्टून र ग्राफहरुको प्रयोग मार्फत प्रस्तुत गर्न सकिने छ । आम नागरिकलाई बजेटमा आफ्ना बारेमा के कस्तो व्यवस्था गरिएको छ भन्ने कुराहरुको जस्तैः बालबालिकाको शिक्षा, स्वास्थ्य, दिवाखाजा, छात्रवृत्ति, खानेपानी, ढल, कुलो, पानी, विद्युत, कर, आयआर्जन, सिपविकास आदि जस्ता बिषयहरु चासोका कुरा हुन् । नागरिक बजेट खासगरी मूल बजेट को सरलीकृत रुप हो । त्यसैगरी, नागरिक बजेट नागरिकलाई जिम्मेवार बनाउने, बजेट प्रक्रियामा उनीहरूलाई सहभागी गराउने, बजेट माथि उनीहरूको स्वामित्व बढाउने र नागरिक निगरानी बढाउन सघाउने उपकरण हो । जनतालाई बजेट बुझाउन र बजेटको व्यवस्थाबारे सरकारसँग सोधीखोजी गर्न सक्ने बनाउन सरकारलेनै नागरिक बजेट प्रकाशन गर्छ ।

नेपालको सन्दर्भमा नागरिक बजेट प्रस्तुत गर्ने दायित्व संघिय र प्रादेशिक सरकारको अर्थ मन्त्रालय र स्थानीय सरकारको अर्थ प्रशासनको हो । त्यस अतिरिक्त विभिन्न मन्त्रालय वा निकायहरूले आ-आफ्नो मन्त्रालयको बजेटलाई नागरिकले बुझ्ने किसिमले प्रकाशन गर्ने अभ्यास गर्दा बजेट प्रक्रियामा नागरिक सहभागिता विस्तार गर्न थप योगदान पुग्न सक्छ ।

## नागरिक बजेटबाट कसले लाभ लिन सक्दछन् ?

नागरिक बजेटका मुख्य लाभकर्ताहरु नागरिकहरु नै हुन्छन् । नागरिक बजेटको उद्देश्य नै सरकारले के गरिरहेको छ भनेर उनीहरुको ज्ञान बढाउने र सार्वजनिक चासोका विषयहरुमा उनीहरुको सहभागीताका अभिबृद्धि गर्नु हो । तथापी, नागरिक बजेटबाट सरकारले पनि लाभ लिन सक्दछ । नागरिक प्रति आफु जबाफदेहि छु भन्ने देखाउन नागरिक बजेट एउटा प्रभावकारी प्रमाण हुन सक्दछ । तसर्थ, बजेट निर्माण, बजेटका महत्वपूर्ण नीति सम्बन्धी जानकारी र बजेटले समेटेका मुख्य क्षेत्रका बारेमा नागरिकले सहजै बुझ्ने किसिमबाट तयार गरि सार्वजनिक गर्दा त्यसले सरकार र नागरिकबिचको सम्बन्ध वा संलग्नता अभिवृद्धि गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ ।

नागरिक बजेटले नागरिक शिक्षाको साधनको रुपमा पनि काम गर्दछ । बजेट निर्माण, बजेट अनुमोदन र कार्यान्वयन कसरी हुन्छ र हरेक चरणमा जिम्मेवार व्यक्ति वा निकाय को हो भन्ने बारेमा जानकारी राख्न यसले सहयोग पुऱ्याउँछ ।

## नागरिक बजेटमा समाबेश हुने मुख्य बिषय बस्तुहरु:

- नागरिक बजेट प्रकाशन गर्नका कारणबारे सरकारको धारणा,
- बजेटमा अन्तर्निहित आर्थिक अनुमान,
- आर्थिक वृद्धि, मुद्रा स्फीर्ति, राजस्व, घाटा बजेट पूर्तिको माध्यम आदि,
- बजेट निर्माण प्रक्रिया र चरण, हरेक चरणको समय सीमा संलग्न निकाय,
- नागरिक सहभागिताको कानुनी र नीतिगत व्यवस्था,
- राजश्वको श्रोत – ऋण, अनुदान,
- बजेट बिनियोजन र खर्चका प्राथमिकताहरु,
- पुँजीगत वा विकास खर्च र चालु खर्च,
- क्षेत्र बिशेष जानकारी तथा लक्षित कार्यक्रमको जानकारी,
- नागरिकको बढी चासो भएको कार्यक्रमको बारेमा सुष्म चर्चा,
- अघिल्लो आर्थिक बर्षको तुलनामा राजस्व र खर्चमा भएको परिबर्तन,
- नागरिकलाई थप जानकारी खोज्न प्रेरित गर्ने बिषयबस्तु,
- सुचनाको श्रोत, बजेट सुचना उपलब्ध हुने निकायहरु आदि ।

### प्रकाशनको समय

१. बजेट प्रस्ताबसँगै नागरिक बजेटको प्रकाशन

२. नगर सभा/परिषद्मा हुने बजेटमाथिको बहसमा आम नागरिकको सहभागिता हासिल गर्न पर्याप्त समय उपलब्ध हुने गरी

३. बजेट पारित गर्दा केहि हेरफेर भएमा त्यसलाई पनि समेट्नु पर्दछ

## नागरिक बजेटको रुपरेखा

### भाग १: परिचय
नागरिक बजेट प्रकाशन गर्न पर्ने उद्देश्य, सार्वजनिक बित्त बिधेयकमा बार्षिक बजेटको स्थान, समष्टिमा बजेटको संस्थागत ब्याख्या र बजेट प्रक्रियाको संक्षिप्त झलक ।

### भाग २: आर्थिक परिदृश्य र उदेश्य
समष्टिगत आर्थिक प्रक्षेपण र बजेटमा अन्तरनिहित मुख्य समष्टिगत आर्थिक अनुमान, प्रमुख आर्थिक अनुमानमा समग्र वित्तिय संवेदनशीलता, सरकारको राष्ट्रिय विकास रणनीति, मध्यकालिन बित्तीय नीतिको उद्देश्य ।

### भाग ३: सरकारको खाता तथा बजेट पुर्वानुमान
मध्यकालिन अवधिमा कूल राजस्व, खर्च र वित्तिय सन्तुलन, खर्चको बिस्तृत बिनियोजन र राजस्वका स्रोतहरु, गतबर्ष सँग तुलना, सरकारी ऋण, बित्तिय जोखिम, चालु नीतिहरु र प्रवृतिको दिगोपन ।


### भाग ४: नयाँ उपायहरु
बजेटका मुख्य कार्यक्रमहरुको सारांस, प्रमुख लक्षित समुहहरु, जस्तै गरिब, महिला, अवसर बिहीन क्षेत्रमाथि परेको वित्तिय असर तथा प्रभावको अनुमान, सरकारको घोषित नीति र उद्देश्य हासिल गर्ने तर्फका योगदान ।

### भाग ५: सेवा प्रवाहमा सुधार
सरकारले सेवा प्रवाह र कर प्रशासन सुधारका क्षेत्रमा गरिरहेका कार्यहरुको संक्षिप्त सङ्केत, सरकारी क्रियाकलापहरुको प्रभावकारितामा सुधार ल्याउने कुनै रणनीतिको संरचना, गैर वित्तिय कार्यसम्पदान सूचकमा आएको परिवर्तन जस्ता उपलब्धिको कुनै प्रमाण ।

## नागरिक बजेटमा सूचना प्रस्तुत गर्ने तरिका: उदाहरण सहित


अमरगढी नगरपालीकाको आ.ब. २०७५/०७६ को बजेटका केही सूचनालाई नागरिक बजेटको रुपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

**महिला केन्द्रित कार्यक्रमलाई बजेटले कसरी सम्बोधन गरिरहेको छ ?**





**महिला: ३०,५९,००० (१.५५ प्रतिशत)**

**महिला केन्द्रित कार्यक्रमलाई बजेटले कसरी सम्बोधन गरिरहेको छ ?**





**महिला: ३०,५९,००० (१.५५ प्रतिशत)**

**छात्रबृत्ती कार्यक्रमलाई बजेटले कसरी सम्बोधन गरिरहेको छ ?**




**छात्रबृत्ती : २१,४८,००० (१.०९ प्रतिशत)**

**दुई वर्षको बजेट बृद्धि कस्तो छ ?**




कुल बजेटमा ४६.४२५ ले बजेट बृद्धि